नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# पशु सेवा विभाग

☎ ५५४४७२६, ५५२५७३३, ५५२२०५६, ५५४४७२७, ५५२५४७९
फ्याक्स - ५५४२९१५
ईमेल: dgdls@ntc.net.np
हरिहरभवन, पुल्चोक
ललितपुर ।

पत्र संख्या :-

चलानी नं. :-

## प्रेस विज्ञप्ति

मितिः२०७७/११/१४

बिगत एक महिना देखि बागमती प्रदेशको काठमाण्डौ जिल्ला, तारकेश्वर नगरपालिका र कर्णाली प्रदेशको सुर्खेत जिल्ला बिरेन्द्रनगर नगरपालिकामा देखा परेको बर्ड फ्लु रोग नियन्त्रण गरी सो क्षेत्र लगायत मुलुकभर सघन निगरानी कार्य भइरहेको छ । यसै क्रममा बागमती प्रदेश, काठमाण्डौ जिल्ला, तारकेश्वर नगरपालिकाको वडा नं. १ मा पालिएका व्यवसायिक कुखुराको नमूना केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा रियल टाइम पि.सि.आर विधिबाट परीक्षण गर्दा मिति २०७७।११।१२ गते बर्ड फ्लु रोग (H5N8) प्रमाणित भएको छ।

रोग पुष्टि भएको क्षेत्रबाट रोग अन्यत्र फैलन नदिई तत्काल नियन्त्रणमा लिन संघ, प्रदेश तथा स्थानीय तहका पशु सेवासँग सम्बन्धित निकायहरूलाई परिचालन गरी रोग देखिएको क्षेत्रमा रहेका सम्पूर्ण घरपालुवा पन्छी तथा रोग सार्न सक्ने अन्य वस्तु समेत नष्ट गरिसकिएको छ। यस क्रममा ५६५७ लेयर्स कुखुरा, ७२३६ ब्रोईलर कुखुरा, २५०४ लोकल कुखुरा, ५० टर्की, १७ बट्टाई, ३५७० अण्डा र ३००० के.जी. दाना नष्ट गरी सुरक्षित तवरले तह लगाइसकिएको छ। साथै रोग देखा परेको क्षेत्रलाई पूर्ण निःसंक्रमण समेत गरिसकिएको छ।

रोगको सघन निगरानीमा सहयोग गरी रोग देखा परेको अवस्थामा तत्काल नियन्त्रण लिने कार्यमा सक्रियतापूर्वक सहयोग गर्नुहुने सम्पूर्ण कृषक, व्यवसायी, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, निजामती कर्मचारी, संचारकर्मी लगायत सम्पूर्ण सरोकारवालाहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं। रोगलाई पूर्ण नियन्त्रणमा राख्न निम्नानुसारका विषयमा ध्यान दिई निरन्तर सहयोग गरिदिनु हुन सम्पूर्ण सरोकारवालाहरूलाई हार्दिक अपिल समेत गर्दछौं।

- फार्म परिसरमा जैविक सुरक्षाका विधिहरू अवलम्बन गर्न/गराउनु हुन,
- सम्पूर्ण पन्छीपालक कृषकहरूले फार्म परिसरमा नियमित रूपमा निःसंक्रमण गर्न तथा व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिनु हुन,
- घरपालुवा पन्छीलाई जंगली पन्छीहरूको सम्पर्कमा आउन नदिन खुल्ला रूपमा गरिने पन्छीपालनलाई निरूत्साहित गर्न/गराउनु हुन,
- पन्छी तथा पन्छीजन्य उत्पादनको ओसारपसार गर्दा अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गरी भेटेरिनरी प्रमाणपत्र लिएर मात्र गर्न/गराउन हुन,

कुनै पनि पन्छी फार्म वा अन्य पन्छीपालन वा विक्री स्थलमा अस्वाभाविक रूपमा पन्छी बिरामी परेमा वा मरेमा तत्काल नजिकको पशु सेवाका निकायमा सूचना गरिदिनु हुन।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**पशु सेवा विभाग**

डा. दमयन्ती श्रेष्ठ
महानिर्देशक